अभिभावक विहीन वालबालिकाहरुलाई शैक्षिक अभिभावकत्व लिने सम्वन्धी कार्यविधि, २०७९

प्रथम पटक संशोधन मितिः- २०८३/०४/२५

प्रस्तावनाः प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा (२)मा व्यवस्था भएको शिक्षा सम्वन्धी मौलिक हकलाई यस गाउँपालिकामा उपलव्ध स्रोत र साधनलाई समेत मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्र रहेका अभिभावक विहीन वालबालिकाहरुलाई शिक्षावाट बञ्चित हुन नपरोस भन्ने हेतुले शैक्षिक अभिभावकत्व गाउँपालिकाले लिने गरी माथागढी गाउँपालिकाको पहिलो निर्णय कार्यान्वयन गर्न वाञ्छनीय भएकाले माथागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको मिति २०८३।०४।२५ गते बसेको वैठकले यो कार्यविधि संशोधन गरी लागू गरेको छ ।

## भाग १

## परिभाषा र व्याख्या

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "अभिभावक विहीन वालबालिकाहरुलाई शैक्षिक अभिभावकत्व लिने सम्वन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि माथागढी गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय भएपश्चात् गाउँपालिका भर लागू हुनेछ।

### २. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अभिभावक विहीन वालवालिका" भन्नाले यसै कार्यविधिको भाग २, दफा (३) मा गरिएको व्यवस्थालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले माथागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झडेवा, पाल्पालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले माथागढी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले "अभिभावक विहीन वालबालिकाहरुलाई शैक्षिक अभिभावकत्व लिने सम्बन्धी कार्यविधि, २०७९"लाई सम्झनु पर्दछ ।

(ङ) "शिक्षा शाखा" भन्नाले माथागढी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(च) "विद्यालय" भन्नाले गाउँपालिका क्षेत्रभित्रका सम्वन्धित सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका, पाल्पालाई सम्झनु पर्दछ ।

(ज) "वडा" भन्नाले माथागढी गाउँपालिका मातहतका कुनै पनि वडालाई सम्झनु पर्दछ ।

(झ) "सभा" भन्नाले माथागढी गाउँपालिकाको गाउँसभा अधिवेशनलाई सम्झनु पर्दछ ।

(ञ) "स्वीकृत वजेट" भन्नाले सभाबाट शिक्षा तर्फ अभिभावक विहीन बालबालिकाहरुलाई शैक्षिक अभिभावकत्व लिनका लागि विनियोजित बजेट सम्झनु पर्दछ ।

(ट) "शिक्षा समिति" भन्नाले माथागढी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(ठ) "आर्थिक प्रशासन शाखा" भन्नाले माथागढी गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ।

## भाग २

## अभिभावक विहीन बालबालिका पहिचान सम्बन्धी व्यवस्था

(३) अभिभावक विहिन बालबालिका भन्नाले- माथागढी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत रहेका, नियमित रुपमा पालन पोषण गर्न र आर्थिक दायित्व वहन गर्न

(क) आफ्नै आमा र बाबु नभएका

(ख) बाबु नभएको र आमाले दोस्रो विहे गरेको

(ग) आमा नभएको साथै बाबुले दोस्रो विहे गरेर वेवास्ता गरेको

(घ) लालन पालन गरी शिक्षा दिक्षा दिनका लागि आफन्तहरुले जिम्मेवारी नलिएको वेवारीसे

(ङ) वावुआमाको ठेगान नभएको

(च) बाबु र आमा दुवैको मानसिक सन्तुलन ठीक नभएको

(छ) बाबु र आमा दुवै बन्दी भएको बालबालिकालाई बुझिने छ ।

(४) अभिभावक विहीन बालबालिकाको पहिचानः- गाउँपालिका भित्रका विद्यालयमा अध्ययन गरेको हकमा विद्यालयले गरेको सिफारीस सहित वडाको सिफारीस वा विद्यालय नगएको भए सम्बन्धित वडाले गरेको सिफारीस र अभिभावक विहीन बालबालिकाकाहरुको अनुसूची–१ वमोजिमको विवरण गाउँपालिका शिक्षा शाखामा पेश भएपछि छानविन गरी कार्यपालिका वैठकमा पेश गरिनेछ, कार्यपालिकाले पेश भएका नामावलीको अन्तिम पहिचान गर्नेछ ।

## भाग ३

### शैक्षिक अभिभावकत्व सम्वन्धी व्यवस्था

(५) गाउँपालिका भित्रका अभिभावक विहिन बालबालिकालाई विद्यालय शिक्षा (बाल कक्षादेखि कक्षा १२ सम्म) अध्ययन गर्नका लागि यस पालिका भित्रको पायक पर्ने विद्यालयमा अध्ययन गर्न आवश्यक पर्ने निम्नानुसारको खर्चलाई शैक्षिक अभिभावकत्वका रुपमा लिइनेछ ।

(क) कक्षाका आधारमा शैक्षिक सत्र भरी आवश्यक पर्ने न्यूनतम कापी, कलम लागयतका शैक्षिक समाग्री खर्च विद्यालयले गरेको सिफारीसका अधारमा भुक्तानी हुनेछ ।

(ख) पोशाक (दुई जोडी सर्ट, पेन्ट, स्वेटर, मोजा, जुत्ता, सदन पोशाक सहित) ।

(ग) स्कूल झोला एक थान ।

(घ) पोशाक तथा झोलाको लागि आवश्यक पर्ने रकम वार्षिक रुपमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय वमोजिम हुनेछ ।

(ङ) अन्य मनासिव खर्च केही भएमा विद्यालयले भुक्तानीका लागि सिफारीस गर्न सक्नेछ । उक्त खर्च शिक्षा समितिले मनासिव ठानेमा भुक्तानीका लागि निर्णय गर्न सक्नेछ ।

(च) मासिक शुल्क निःशुल्क भएकाले विद्यालयले दावी गर्न पाउनेछैन ।

(छ) खाजा खर्च नेपाल सरकारले तोके बमोजिम विद्यालयमा प्राप्तहुने अवस्था सम्म विद्यालयले निःशुल्क प्रदान गर्ने छ ।

(६) गाउँपालिकाले शैक्षिक अभिभावकत्व लिने बालवालिका पालिका भित्रको सामुदायिक विद्यालयमा भर्ना हुनु पर्नेछ ।

(७) गाउँपालिकाले शैक्षिक अभिभावकत्व सम्बन्धी रकम सम्वन्धित विद्यालय मार्फत उपलब्ध गराउने छ।

## भाग ४

विद्यालयले रकम माग गर्नुपर्ने तथा निकासा सम्बन्धी व्यवस्था

(८) यस कार्यविधि बमोजिम छनौट भएका अभिभावक विहिन बालबालिकाले प्राप्त गर्ने रकम अध्ययनरत विद्यालयको खातामा एकमुष्ट निकासा गरिनेछ ।

(९) सुविधा प्राप्त गर्ने बालबालिकाको रेकर्ड आई.इ.एम.आइ.एस. प्रणालीमा प्रविष्टी भएको हुनु पर्ने छ ।

(१०) दफा(८) बमोजिम सम्बन्धित विद्यालयको खातामा निकासा गरिएको रकम दफा(५) मा तोकिए बमोजिम खर्च गरि आवश्यक बिल भरपाई शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

## भाग ५

विद्यालयले सहजीकरण गर्ने सम्बन्धी व्यवस्था

(१२) विद्यालयले सहजीकरण गर्नु पर्नेः- यस कार्यविधिमा भएको अभिभावक विहिन बालबालिकालाई शैक्षिक अभिभावकत्व लिने सम्बन्धी व्यवस्थामा उल्लेख भए बमोजिम बालबालिकालाई व्यवस्था गर्नुपर्ने कुराहरु विद्यालयले सहजीकरण गरी उपलब्ध गराउनु पर्नेछ ।

(१३) उपलब्ध गराईने पोशाक, शैक्षिक सामग्री तथा स्कूल झोलाको गुणस्तर तोकिनेः यस कार्यविधि बमोजिम उपलब्ध गराइने पोशाक, शैक्षिक सामग्री तथा स्कूल झोलाको गुणस्तर गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

## भाग ६

विविध

(१४) शिक्षा समितिको निर्णय अन्तिम हुनेः- गाउँसभाबाट स्वीकृत बजेट भित्रबाट अभिभावक विहीन बालबालिकालाई शैक्षिक अभिभावकत्व लिने सम्बन्धी कार्य सम्पादन गर्दा आवश्यक पर्ने नीतिगत व्यवस्थाको अन्तिम निर्णय गाउँ शिक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

(१५) अनुगमन सम्बन्धी व्यवस्थाः

(१) शिक्षा शाखाले यस कार्यविधिले व्यवस्था गरेको क्रियाकलापहरु गुणस्तरीय र पारदशी तवरले सञ्चालन भए, नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा मूल्याँकन गरी शिक्षा समितिको बैठकमा चौमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) प्रतिवेदन पेश गर्नु पर्ने: शिक्षा समितिले यस कार्यविधिले व्यवस्था गरेका प्रावधानहरुको उपादेयता र आगामी दिनमा गाउँपालिकाले चाल्नुपर्ने कदम समेत उल्लेख गरिएको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(१६) आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न कार्यालयबाट रकम निकासा लैजाने विद्यालयहरुले उक्त निकासा हुने रकमको प्रचालित कानुन वमोजिम खर्च गरी सोको आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्वन्धित विद्यालय स्वयंले गराउनु पर्नेछ र सोको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१७) प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा लेखिएका सबै विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(१८) वाधा अड्काउ फुकाउ सम्वन्धी व्यवस्था: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा अड्चन आइपरेमा गाउँ शिक्षा समितिले निर्णय गरी तत्काल त्यस्तो बाधा वा अड्चन फुकाउन सक्नेछ र सोको जानकारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

आज्ञाले
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत
माथागढी गाउँपालिका

## अनुसुचि-१

### अभिभावक विहीन वालवालिकाहरुलाई शैक्षिक अभिभावकत्व लिने वालबालिकाको विवरण:

विद्यालयको नाम:

ठेगाना:

| सि.नं. | विद्यार्थीको नाम | लिङ्ग | उमेर | कक्षा | ठेगाना | अभिभावकको नाम | शैक्षिक अभिभावकत्व लिनपर्ने कारण- भाग २ नियम -३ को क देखि छ सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |